# नेपाल राजपत्र


नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, असोज २३ गते, २०७९ साल (अतिरिक्ताङ्क ४४


## भाग २

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७९ सालको ऐन नं. २९

### पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** प्रचलित कानून बमोजिम स्थापित नेपाल पशु चिकित्सा परिषद्मा नाम दर्ता भएका र दर्ता हुन योग्य पशु चिकित्सक बाहेकका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरुको सेवा र व्यवसायलाई


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्थित, गुणस्तरीय एवं मर्यादित ढङ्गले परिचालन गरी प्रभावकारी पशु स्वास्थ्य र पशु सेवा व्यवसायको विकास गर्न पशु स्वास्थ्य तथा पशु सेवा परिषद्को स्थापना गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "दर्ता किताब" भन्नाले यो ऐन अन्तर्गत पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको नाम दर्ता गर्न तयार गरिएको किताब सम्झनु पर्छ ।

(ङ) "पशु" भन्नाले जुनसुकै प्रकारको घरपालुवा वा जङ्गली जनावर, पन्छी वा माछा सम्झनु पर्छ र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सो शब्दले अन्य जलचर र उभयचरलाई समेत जनाउँछ।

(च) "पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय" भन्नाले बिरामी पशुको रोगको उपचार, निदान, रोकथाम वा पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय सम्बन्धी कुनै कार्य सम्झनु पर्छ।

(छ) "पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी" भन्नाले यस ऐन बमोजिम दर्ता भएका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी सम्झनु पर्छ।

(ज) "परिषद्" भन्नाले दफा ५ बमोजिम गठन भएको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले पशु विकास सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(ञ) "रजिष्ट्रार" भन्नाले दफा २५ बमोजिम नियुक्त गरेको वा तोकेको व्यक्ति सम्झनु पर्छ।

(ट) "सदस्य" भन्नाले परिषदको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र उपाध्यक्ष समेतलाई जनाउँछ ।

## परिच्छेद-२

## परिषदको स्थापना, गठन, काम, कर्तव्य र अधिकार

३. **परिषद्को स्थापनाः** (१) प्रचलित कानून बमोजिमको नेपाल पशु चिकित्सा परिषद्मा नाम दर्ता भएका र दर्ता हुन योग्य पशु चिकित्सक बाहेकका पशु स्वास्थ्य तथा पशु सेवा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवसायीहरुको सेवा र व्यवसायलाई व्यवस्थित, गुणस्तरीय एवं मर्यादित बनाउन पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको योग्यता अनुसार प्रदेश कानून बमोजिम नाम दर्ता गर्ने समेतको व्यवस्था गर्न पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्को स्थापना हुनेछ ।

(२) परिषद्को कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

४. **<u>परिषद् स्वशासित र सङ्गठित संस्था हुने</u>:** (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित सङ्गठित संस्था हुनेछ र कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) परिषद्ले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

५. **<u>परिषद्को गठन</u>:** (१) परिषद्मा देहाय बमोजिमका सदस्य रहनेछन्:-

(क) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको रुपमा कम्तीमा "ख श्रेणी" मा दर्ता भएको र पाँच बर्ष अनुभव प्राप्त गरेका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीमध्येबाट नेपाल सरकारबाट मनोनित एकजना -अध्यक्ष

(ख) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको रुपमा कम्तीमा "ख



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्रेणी" मा दर्ता भएका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीमध्येबाट निर्वाचित एकजना -उपाध्यक्ष

(ग) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी मध्येबाट मन्त्रालयबाट मनोनित कम्तिमा एकजना महिला सहित दुईजना -सदस्य

(घ) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीमध्येबाट प्रत्येक प्रदेशबाट एक/एक जना निर्वाचित हुने गरी सातजना -सदस्य

(ङ) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीमध्येबाट कम्तीमा दुईजना महिला सहित निर्वाचित चारजना -सदस्य

(च) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय सम्बन्धी विषय अध्यापन गर्ने विश्वविद्यालय वा अध्ययन संस्थान मध्येबाट र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट परिषद्ले मनोनित गरेको कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(छ) नेपाल पशु चिकित्सा परिषद्का



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदाधिकारी प्रतिनिधि एकजना -सदस्य

(ज) रजिष्ट्रार -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख), (घ) र (ङ) बमोजिमका सदस्यको निर्वाचन तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम मनोनित तथा निर्वाचित सदस्यहरुको पदावधि चार वर्षको हुनेछ। पदावधि समाप्त भएपछि निजहरु पुनः एक पटकका लागि मनोनित वा निर्वाचित हुन सक्नेछन्।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को काम, कर्तव्य र अधिकार विपरीत हुने गरी काम गरेमा नेपाल सरकारले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर, त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि परिषद्ले अर्को सदस्य मनोनित वा निर्वाचित गर्न सक्नेछ ।

तर, एक वर्षभन्दा कम अवधिको लागि रिक्त पदमा मनोनयन वा निर्वाचन गरिने छैन ।

(६) उपदफा (१) बमोजिमको परिषद् गठन नभएसम्मको लागि परिषद्ले गर्नु पर्ने काम गर्न नेपाल सरकारले उपदफा (१) मा उल्लेख भए बमोजिमका क्षेत्रको प्रतिनिधित्व हुने गरी समिति गठन गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिमको समिति गठन गर्दा दफा १७ बमोजिम सम्बन्धित पशु स्वास्थ्य तथा पशु सेवा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवसायीको लागि आवश्यक योग्यता हासिल गरेका व्यक्तिहरुमध्येबाट गठन गरिनेछ।

(८) उपदफा (६) बमोजिम गठन भएको समितिको अवधि बढीमा एक वर्षको हुनेछ।

(९) उपदफा (१) बमोजिमका सदस्य मनोनीत वा निर्वाचित गर्दा समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ।

(१०) उपदफा (१) बमोजिम परिषद्मा सदस्य निर्वाचन वा मनोनयन गर्दा पशु सेवा तथा पशु स्वास्थ्यसँग सम्बन्धित सबै क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गराउनको लागि आलो-पालो गरी गर्नु पर्नेछ।

६. **<u>अयोग्य मानिने</u>:** देहायको अवस्थामा कुनै व्यक्ति परिषद्को सदस्यमा मनोनित वा निर्वाचित हुन अयोग्य मानिनेछः-

(क) गैर नेपाली नागरिक,

(ख) दर्ता किताबबाट नाम हटाइएको,

(ग) भ्रष्टाचार, जवरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरिएको,

(घ) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेको,

(ङ) शारीरिक तथा मानसिक अस्वस्थताको कारणले परिषद्मा रही सेवा गर्न असमर्थ भएको,

(च) प्रचलित कानून बमोजिम दामासाहीमा परेको ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. **<u>सदस्यता समाप्त हुने अवस्थाः</u>** (१) देहायको अवस्थामा परिषद्को सदस्यता समाप्त भएको मानिनेछः-

(क) दफा ६ बमोजिम सदस्य रहन अयोग्य भएमा,

(ख) सदस्यको पदबाट राजिनामा दिएमा,

(ग) परिषद्लाई कारण सहितको सूचना नदिई लगातार तीन पटकभन्दा बढी परिषद्को बैठकमा अनुपस्थित भएमा,

(घ) मृत्यु भएमा।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम राजिनामा दिँदा अध्यक्षले मन्त्रालय मार्फत नेपाल सरकार समक्ष र अन्य सदस्यले अध्यक्ष समक्ष दिनु पर्नेछ ।

८. **<u>परिषद्को काम, कर्तव्य र अधिकारः</u>** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायलाई सुव्यवस्थित, स्तरीय, मर्यादित र प्रभावकारी बनाउन आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि मन्त्रालय समक्ष पेश गर्ने,

(ख) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय सुचारु रुपबाट सञ्चालन गर्न नेपाल सरकारबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने,

(ग) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको राष्ट्रिय मापदण्ड तयार गरी मन्त्रालयबाट स्वीकृत गराई लागू गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) पशु तथा पशुजन्य पदार्थ उत्पादन, पशु प्रजनन् सम्बन्धी सामग्रीको उत्पादन, प्रशोधन, वितरण तथा पशुपालन प्रणालीलाई गुणस्तरयुक्त बनाउन मन्त्रालयलाई सुझाव दिने,

(ङ) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरुको योग्यता निर्धारण गर्ने,

(च) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीका सम्बन्धमा प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय गर्ने,

(छ) प्रदेश कानूनले तोकेको निकायबाट पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय सम्बन्धी एकीकृत अभिलेख संकलन तथा अद्यावधिक गर्ने,

(ज) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको राष्ट्रिय स्तरको आचार संहिता तयार गरी लागू गर्ने, गराउने,

(झ) पशु स्वास्थ्य तथा पशु सेवासँग सम्बन्धित विषयमा मन्त्रालयलाई आवश्यक परामर्श दिने,

(ञ) अन्तर्राष्ट्रिय अभ्यास बमोजिम पशु स्वास्थ्य सेवासँग सम्बन्धित अनुसन्धान वा अनुभवहरुको आदान प्रदान गरी नेपालका लागि उपयुक्त हुने विषयहरु लागू गर्न मन्त्रालय समक्ष सुझाव पेश गर्ने,

(ट) परिषद्ले निर्धारण गरेको आचार संहिताको पालना गरे नगरेको सम्बन्धमा निरीक्षण,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुपरिवेक्षण र अनुगमन गर्ने र आचार संहिताको पालना नगरेको पाइएमा त्यस्ता पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको नाम परिषद्मा दर्ता भएकोमा दर्ता किताबबाट हटाउने र प्रदेशको निकायमा दर्ता भएकोमा दर्ता किताबबाट नाम हटाउन लेखी पठाउने,

(ठ) परिषद्को उद्देश्य प्राप्तिका लागि आवश्यक पर्ने अन्य कार्य गर्ने ।

९. **<u>परिषद्को बैठकः</u>** (१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को बैठक साधारणतया वर्षको चार पटक बस्नेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ र निजहरु दुवै जना उपस्थित नभएमा उपस्थित सदस्यहरुमध्येबाट जेष्ठ सदस्यले गर्नेछ।

(४) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) परिषद्को निर्णय अध्यक्ष र रजिष्ट्रारद्वारा प्रमाणित गरिनेछ ।

(७) सदस्यहरुले बैठकमा भाग लिँदा पाउने भत्ता तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. **<u>अध्यक्षको काम, कर्तव्य र अधिकारः</u>** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को बैठकमा छलफल गरिने विषयहरुको प्राथमिकता निर्धारण गर्ने ।

(ख) परिषद्द्वारा सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने र तत्सम्बन्धमा आवश्यक निर्देशन दिने ।

(ग) परिषद्को काम कारबाही व्यवस्थित, प्रभावकारी र सुचारु रुपमा सञ्चालन गर्ने, गराउने।

(घ) परिषद्को उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य काम गर्ने ।

११. **<u>उपाध्यक्षले कार्य गर्नेः</u>** अध्यक्षको अनुपस्थितिमा अध्यक्षबाट गरिने कार्यहरु उपाध्यक्षबाट सम्पादन गरिनेछ ।

## परिच्छेद-३
## <u>नाम दर्ता सम्बन्धी व्यवस्था</u>

१२. **<u>नाम दर्ता नगराई पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय गर्न नपाउनेः</u>** (१) यो ऐन बमोजिम नाम दर्ता नगराई कसैले पनि पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय गर्नु हुँदैन।

तर प्रचलित कानून बमोजिम नेपाल पशु चिकित्सा परिषद्मा नाम दर्ता भएका पशु चिकित्सकका हकमा यस ऐन बमोजिम नाम दर्ता गराउनु पर्ने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १३ को उपदफा (२) बमोजिम नाम दर्ताको लागि दरखास्त दिने व्यक्तिले उक्त दरखास्तको सम्बन्धमा अन्तिम निर्णय नभएसम्मको लागि पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय गर्न बाधा पर्ने छैन ।

१३. **नाम दर्ता गराउन दरखास्त दिने:** (१) मान्यता प्राप्त विश्वविद्यालय, शिक्षण संस्था, शैक्षिक परिषद्, शैक्षिक प्रतिष्ठानबाट अनुसूचीमा उल्लेख भए बमोजिमको योग्यता पूरा गरेका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीले दर्ता किताबमा नाम दर्ता गराउन तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय गरिरहेका अनुसूचीमा उल्लेख भए बमोजिमको योग्यता पूरा गरेका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीले दर्ता किताबमा नाम दर्ता गराउन यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र उपदफा (१) बमोजिम दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम नाम दर्ता गराउन दरखास्त दिने पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीले दरखास्तसाथ आफ्नो योग्यता सम्बन्धी तोकिए बमोजिम कागजात र दस्तुर संलग्न गर्नु पर्नेछ ।

(४) उपदफा (१) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दरखास्त पेश गर्ने प्रक्रिया, दरखास्त साथ पेश गर्नु पर्ने कागजात र दस्तुरका सम्बन्धमा प्रदेश कानूनमा छुट्टै व्यवस्था भएमा सोही बमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१४. <u>दरखास्त उपर कारबाही</u>:** (१) दफा १२ बमोजिम पर्न आएको दरखास्त उपर प्रदेश कानून बमोजिम तोकिएको निकायले त्यसरी पेश भएको योग्यता सम्बन्धी प्रमाणपत्र र उपाधि मान्यता प्राप्त हो होइन र दरखास्त रीतपूर्वक छ छैन भन्ने कुरा समेत जाँचबुझ गरी प्रदेश कानूनले तोकेको अवधिभित्र दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गर्ने नगर्ने कुराको निर्णय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारको सम्बन्धित निकायले दरखास्तवालाको नाम दर्ता हुने निर्णय गरेकोमा त्यस्तो दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गरी तोकिए बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दरखास्तवालाको नाम दर्ता नगर्ने निर्णय गरेकोमा प्रदेश कानूनले तोकेको कुनै निकायले त्यसको जानकारी दरखास्तावालालाई दिनु पर्नेछ ।

**१५. <u>नाम हटाउने र पुनः नाम दर्ता गर्ने</u>:** (१) देहायका कुनै अवस्थामा प्रदेश कानूनले तोकेको निकायले कुनै पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको नाम दर्ता किताबबाट हटाउन आदेश दिन सक्नेछः-

(क) भ्रष्टाचार, जवरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) पेशा सम्बन्धी तोकिएको आचरण पालन नगरेको भनी परिषद्को दुई तिहाई बहुमतले ठहर गरेमा,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेको,

(घ) शारीरिक तथा मानसिक अस्वस्थताको कारणले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको रूपमा काम गर्न असमर्थ भएको।

(२) उपदफा (१) बमोजिम दर्ता किताबबाट नाम हटाइएको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीले मनासिव माफिकको कारण देखाई पुनः नाम दर्ता गराउन दरखास्त दिन सक्नेछ। त्यसरी दरखास्त दिएकोमा कारण मनासिब देखिएमा प्रदेश कानूनले तोकेको निकायले त्यस्तो पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको नाम दर्ता किताबमा पुनः दर्ता गरी प्रमाणपत्र दिनुपर्नेछ ।

१६. **प्रमाणपत्र रद्द गर्नेः** यस ऐन बमोजिम योग्यता नपुगेको कुनै व्यक्तिको नाम भूलबस दर्ता किताबमा दर्ता हुन गएको रहेछ भन्ने कुराको जानकारी हुन आई सो कुरा जाँचबुझ गर्दा साँचो ठहरिन आएमा प्रदेश कानूनले तोकेको निकायले त्यस्तो व्यक्तिको दर्ताको प्रमाणपत्र फिर्ता लिई दर्ता रद्द गर्न सक्नेछ ।

१७. **पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको श्रेणीः** यस ऐन बमोजिम पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको नाम दर्ता गर्ने प्रयोजनको लागि देहाय बमोजिमको योग्यता पूरा भएका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीलाई देहाय बमोजिमको श्रेणीमा नाम दर्ता गरिनेछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) **"क श्रेणी**": मान्यताप्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर वा विद्यावारिधी उत्तीर्ण गरेको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी।

(ख) **"ख श्रेणी**": मान्यताप्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि हासिल गरेका वा "ग श्रेणीमा" कम्तीमा दश वर्षको अनुभव हासिल गरेका र परिषद्ले तोके बमोजिमको निरन्तर शिक्षाको मापदण्ड पूरा गरेको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी।

(ग) **"ग श्रेणी**": मान्यताप्राप्त शिक्षण संस्थाबाट पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायसँग सम्बन्धित विषयमा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको उपाधि हासिल गरेका वा "घ श्रेणी" मा कम्तीमा पाँच वर्षको अनुभव हासिल गरी परिषद्ले तोके बमोजिमको निरन्तर शिक्षाको मापदण्ड पूरा गरेको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी।

(घ) **"घ श्रेणी**": मान्यताप्राप्त शिक्षण संस्थाबाट पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायसँग सम्बन्धित विषयमा कम्तीमा प्राविधिक एस.एल.सी. वा सो सरहको उपाधि हासिल गरेका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. **पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय गर्न पाउने**: पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीले दफा १७ बमोजिम शैक्षिक योग्यता र तालिमको आधारमा पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायमध्येका तोकिए बमोजिमको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय सम्बन्धी कार्य गर्न पाउनेछन् ।

१९. **परीक्षा लिन सक्ने**: (१) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायमा आवश्यक गुणस्तर कायम राख्नको लागि यो ऐन बमोजिम नाम दर्ता गराउन चाहने पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरुलाई नाम दर्ता गराउनुअघि नाम दर्ता गराउने निकायले तोकिए बमोजिम परीक्षा लिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम परीक्षा लिने व्यवस्था गरिएकोमा त्यस्तो परीक्षामा सफल हुन नसक्ने व्यक्तिको नाम दर्ता किताबमा दर्ता गरिने छैन।

२०. **ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता**: (१) यो ऐन प्रारम्भ हुनुअघि नेपाल सरकारबाट तोकिएको अवधिको तालिम प्राप्त गरी पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय सञ्चालन गर्दै आएका ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता अनुसूचीमा उल्लेख भए बमोजिमको योग्यता पूरा नभएसम्म प्रदेश कानूनले तोकेको निकायले छुट्टै दर्ता किताब खडा गरी नाम दर्ता गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता भएका ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताले तोकिए बमोजिमको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय गर्न सक्नेछन् ।

(३) उपदफा (१) बमोजिम दर्ता भएका ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताबाट तोकिए बमोजिमका कार्य भए नभएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धमा प्रदेश कानूनले तोकेको निकायले आवश्यक नियमन गर्न सक्नेछ।

(४) यस दफा बमोजिम दर्ता भएका ग्रामिण पशु स्वास्थ्य कार्यकर्तोले सोको प्रमाणपत्र प्राप्त गरी निरन्तर दश वर्ष पशु स्वास्थ्य तथा पशुसेवा व्यवसाय सञ्चालन गरी रहेको भएमा त्यस्ता व्यवसायीलाई सीप परीक्षण गराई सफल भएमा दफा १७ को खण्ड (घ) बमोजिमको श्रेणीमा दर्ता गर्न सकिनेछ।

(५) ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको दर्ता, नियमन र क्षमता अभिवृद्धि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. **<u>परिषद्ले गर्नेः</u>** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश कानून नबनेसम्मका लागि प्रदेश कानूनले तोकेको निकायबाट हुने कार्य परिषद्ले गर्नेछ।

(२) उपदफा (१) बमोजिम परिषद्ले कार्य गर्दा यस परिच्छेद बमोजिमको अवधि र दस्तुर तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

## शैक्षिक उपाधि तथा प्रमाणपत्रको मान्यता

२२. **<u>शैक्षिक योग्यताको मान्यताः</u>** (१) परिषद्को सिफारिसमा मन्त्रालयले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय सम्बन्धी शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिहरुलाई मान्यता प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मान्यता प्रदान गरेको विषय र त्यस्तो शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रदान गर्ने शिक्षण संस्थाको नाम नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

(३) शैक्षिक योग्यतालाई मान्यता दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. **मापदण्ड तोक्न सक्ने**: (१) परिषद्ले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय सम्बन्धी शिक्षण संस्थाले शैक्षिक कार्यक्रम सञ्चालन गर्दा पूरा गर्नु पर्ने शर्त तथा मापदण्ड तोक्न सक्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी सम्बन्धी शिक्षण संस्थाले उपदफा (१) बमोजिम शर्त तथा मापदण्ड तोकिएको छ महिनाभित्र त्यस्तो शर्त तथा मापदण्ड पूरा गरिसक्नु पर्नेछ ।

(३) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम नेपाल पशु चिकित्सा परिषद्मा दर्ता हुने शैक्षिक योग्यता प्रदान गर्ने शिक्षण संस्थाहरूको पाठ्यक्रम, भर्नाका शर्तहरू तथा परीक्षा प्रणाली सम्बन्धी नीति तथा मापदण्ड निर्धारण गरी त्यस्ता संस्थाहरूले प्रदान गर्ने उपाधि तथा प्रमाणपत्र सम्बन्धी विषय सोही कानून बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिम तोकिएको समयभित्र मापदण्ड पूरा नगरेमा वा मापदण्डको बर्खिलाप गरेको पाइएमा त्यस्तो शिक्षण संस्थाको स्वीकृति रद्दको लागी परिषद्ले सम्बन्धित निकाय समक्ष सिफारिस गर्न सक्नेछ ।

२४. **मूल्याङ्कन गर्न सक्ने**: (१) परिषद्ले दफा २२ बमोजिम मान्यता प्रदान गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधि प्रदान गर्ने शिक्षण संस्थाले त्यस्तो प्रमाणपत्र वा अन्य उपाधिको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि निर्धारण गरेको पाठ्यक्रम तथा भर्नाको लागि निर्धारण गरेका शर्तहरुको मूल्याङ्कन गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि परिषद्ले आवश्यकता अनुसार त्यस्तो शिक्षण संस्थासँग कागजात तथा विवरण माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम परिषद्बाट माग भए बमोजिमको कागजात तथा विवरण उपलब्ध गराउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

२५. **मान्यता रद्द गर्न सक्नेः** (१) दफा २४ बमोजिम प्राप्त कागजात तथा विवरण समेतका आधारमा परिषद्बाट मान्यता प्रदान गरिएको कुनै शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिहरुको लागि सम्बन्धित शिक्षण संस्थाले निर्धारण गरेको पाठ्यक्रम, भर्नाका शर्तहरु, अध्ययन अध्यापन विधि, परीक्षा संचालन विधि उपयुक्त एवं पर्याप्त छैन भन्ने लागेमा परिषद्ले आफ्नो राय सुझाव सहितको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्को प्रतिवेदन प्राप्त भएपछि मन्त्रालयले आवश्यक देखेमा सम्बन्धित शिक्षण संस्थासँग थप विवरण वा स्पष्टीकरण माग गर्न सक्नेछ । त्यसरी परिषद्बाट माग भए बमोजिमको थप विवरण वा स्पष्टीकरण तोकिए बमोजिमको समयमा उपलब्ध गराउनु सम्बन्धित शिक्षण संस्थाको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम परिषद्बाट प्राप्त प्रतिवेदन वा उपदफा (२) बमोजिम प्राप्त विवरण वा स्पष्टीकरण अध्ययन गर्दा थप जाँचबुझ गराउन आवश्यक देखेमा मन्त्रालयले कुनै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विशेषज्ञ सम्मिलित समिति वा कार्यदल मार्फत थप जाँचबुझ गराउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको प्रतिवेदन तथा उपदफा (२) बमोजिम प्राप्त स्पष्टीकरण र जाँचवुझ प्रतिवेदन समेतको आधारमा मन्त्रालयले त्यस्तो शिक्षण संस्थाबाट कुनै खास मितिपछि प्रदान गरिएको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय सम्बन्धी शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिलाई दफा २२ बमोजिम प्रदान गरिएको मान्यतालाई रद्द गर्न सक्नेछ । त्यसरी मान्यता रद्द गरिएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

२६. **परीक्षाको पर्यवेक्षणः** (१) परिषद्ले दफा २२ बमोजिम मान्यता प्रदान गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिको लागि सम्बन्धित शिक्षण संस्थाबाट लिइने परीक्षाको पर्यवेक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षा पर्यवेक्षण गर्नको लागि आवश्यकता अनुसार परिषद्ले पर्यवेक्षक नियुक्त गरी पठाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्त गरिएका पर्यवेक्षकले आफूले निरीक्षण गरेका परीक्षाको सम्बन्धमा परिषद्ले तोके बमोजिमको विवरण खुलाई परिषद् समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्त गरिएका पर्यवेक्षकले परीक्षामा कुनै किसिमको हस्तक्षेप गर्न पाउने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-५

## कर्मचारी सम्बन्धी व्यवस्था

२७. **रजिष्ट्रारः** (१) मन्त्रालयले परिषद्को प्रशासकीय प्रमुखको रुपमा काम गर्न मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरी कम्तीमा "ख" श्रेणीमा नाम दर्ता भएको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीलाई तोकिए बमोजिम खुल्ला प्रतिस्पर्धाको माध्यमबाट परिषद्को रजिष्ट्रारमा नियुक्त गर्न सक्नेछ ।

(२) रजिष्ट्रारको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

(३) रजिष्ट्रारको अनुपस्थितिमा वा उपदफा (१) बमोजिम रजिष्ट्रार नियुक्त नभएसम्मको लागि मन्त्रालयले रजिष्ट्रार हुन योग्यता पुगेका नेपाल सरकार वा परिषद्को कुनै कर्मचारीलाई रजिष्ट्रारको रुपमा कामकाज गर्न तोक्न सक्नेछ ।

२८. **रजिष्ट्रारको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तब्य र अधिकारको अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को बैठकमा पेश गर्नु पर्ने छलफलको विषयसूची अध्यक्षको परामर्शमा तयार गर्ने ।

(ख) परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ग) तोकिए बमोजिमको अन्य काम गर्ने ।

२९. **परिषद्का कर्मचारीः** (१) परिषद्को कार्यभार, स्रोत, साधन र आर्थिक क्षमता समेतको आधारमा परिषद्को सङ्गठनात्मक संरचना मन्त्रालयले स्वीकृत गरेबमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम सङ्गठनात्मक संरचना स्वीकृत गर्नुपूर्व नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्वीकृत सङ्गठनात्मक संरचना अनुसारको दरबन्दीमा परिषद्ले तोकिए बमोजिमका कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नियुक्त कर्मचारीहरु रजिष्ट्रारको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन्।

## परिच्छेद-६
## परिषद्को कोष

३०. **परिषद्को कोषः** (१) परिषद्को एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम,

(ग) विदेशी सरकार वा अन्तराष्ट्रिय संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम

(घ) परिषद्ले आर्जन गरेको अन्य रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अगाडि नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (१) बमोजिमको कोषको रकम परिषद्ले तोकेको कुनै वाणिज्य बैङ्क परिषद्को नाममा खाता खोली जम्मा गरिनेछ ।

(५) परिषद्को नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) उपदफा (१) बमोजिमको कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

३१. **लेखा र लेखापरीक्षण:** (१) परिषद्को आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचामा राख्नु पर्नेछ।

(२) परिषद्को आय-व्ययको आन्तरिक लेखा परीक्षण दर्तावाला लेखा परीक्षकहरुमध्येबाट परिषद्ले तोकेको लेखा परीक्षकबाट र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकले तोकेको लेखा परिक्षकबाट हुनेछ।

(३) नेपाल सरकारले चाहेमा परिषद्को कोषको लेखा सम्बन्धी कागजात जुनसुकै बखत जाँच्न वा जचाँउन सक्नेछ ।

## परिच्छेद- ७
## कसूर र सजाय

३२. **कसूर गरेको मानिने:** दफा १२ बमोजिम नाम दर्ता नगराई पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ ।

३३. **सजाय:** (१) दफा ३२ बमोजिम कसूर गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी पचास हजार रुपैंयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) मा उल्लेख भएकोमा बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत हुने गरी कसैले कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

## परिच्छेद- ८

## विविध

३४. **मुद्दाको अनुसन्धान र दायरीः** दफा ३३ बमोजिम सजाय हुने मुद्दाको अनुसन्धान परिषद्ले तोकेको परिषद्को अधिकृतले गर्नेछ र त्यस्तो अनुसन्धानको काम पूरा भएपछि सरकारी वकिलको राय लिई सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ ।

३५. **नेपाल सरकार वादी हुनेः** यस ऐन अन्तर्गतको मुद्दामा नेपाल सरकार वादी हुनेछ ।

३६. **परिषद्को विघटनः** (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार प्रयोग गर्न नसकेमा, अधिकारको दुरुपयोग गरेमा, प्राप्त अधिकारभन्दा बढी अधिकार प्रयोग गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिषद्ले पालना गर्नु पर्ने कर्तब्य पालना नगरेमा नेपाल सरकारले परिषद् विघटन गर्न सक्नेछ ।

तर परिषद् विघटन गर्नु अघि परिषद्लाई आफ्नो काम, कारबाही सुधार गर्न वा सच्याउने मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परिषद् विघटन भएपछि परिषद्को कोष र अन्य सम्पत्ति नेपाल सरकारले आफ्नै जिम्मामा राखी अर्को परिषद् गठन नभएसम्म यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिषद्ले गर्नु पर्ने सबै काम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारवाही आफैंले गर्न वा कुनै समिति गठन गरी सोही समितिबाट गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम परिषद् विघटन भएको छ महिनाभित्र नेपाल सरकारले दफा ५ को उपदफा (१) बमोजिम अर्को परिषद् गठन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अर्को परिषद् गठन भएपछि उपदफा (२) बमोजिम नेपाल सरकारले आफ्नो जिम्मामा राखेको कोष र सम्पत्ति सो परिषद्लाई हस्तान्तरण गर्नेछ।

३७. **समितिः** (१) परिषद्को निर्णय कार्यान्वयन गर्न परिषद्ले तोकिए बमोजिम विभिन्न विषयगत समितिको गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने विषयगत समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३८. **अधिकार प्रत्यायोजनः** परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष वा सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३९. **यसै ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

४०. **नेपाल सरकारसँग सम्पर्कः** परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

४१. **ऐन कार्यान्वयन मापनः** यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच वर्षपछिको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन सङ्घीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२. **नियम बनाउने अधिकारः** यो ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

४३. **विनियम बनाउने अधिकारः** (१) परिषद्ले कर्मचारीको भर्ना, सेवाका शर्त तथा सुविधा सम्बन्धी विषय र परिषद्को कार्य सञ्चालन सम्बन्धी विषयमा आवश्यक विनियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाएको विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

(३) उपदफा (२) बमोजिम मन्त्रालयले स्वीकृति दिनुअघि आर्थिक दायित्व पर्ने विषयमा अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

४४. **निर्देशिका तथा कार्यविधि बनाउन सक्नेः** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही परिषद्ले मन्त्रालयको स्वीकृति लिई आवश्यक निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

४५. **अनुसूचीमा हेरफेरः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची

**(दफा १३ सँग सम्बन्धित)**

**पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको योग्यता**

(क) एस.इ.ई. वा सो सरह उत्तीर्ण गरी एक वर्षे स्टक सुपरभाइजर तालिम प्राप्त गरेको,

(ख) पशु स्वास्थ्य तथा पशुपालन विषयमा प्राविधिक एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको,

(ग) एस.इ.ई. वा सो सरह उत्तीर्ण गरी जे.टि.ए. कोर्ष (पशु विज्ञान) उत्तीर्ण गरेको,

(घ) एस.इ.ई. वा सो सरह उत्तीर्ण गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट तह- २ को पशुविज्ञान विषयमा सीप परीक्षण उत्तीर्ण गरेको,

(ङ) पशुविज्ञान विषयमा प्रमाणपत्र तह वा पशु स्वास्थ्य तथा पशु सेवासँग सम्बन्धित विषयमा बाह्र कक्षा उत्तीर्ण वा प्राविधिक प्रमाणपत्र तह, डिप्लोमा (३ वर्षको) कोर्ष उत्तीर्ण गरेको, वा

(च) पशुविज्ञान वा मत्स्य विज्ञान विषयमा स्नातक वा सो सरह वा सम्बन्धित विषयमा स्नातकोत्तर तह वा विद्यावारिधि उत्तीर्ण गरेको।

प्रमाणीकरण मिति :२०७९।०६।२३

**आज्ञाले,**

**उदयराज सापकोटा**

**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।